का.जि.प्र.का.द.नं. १००/०५९/६०


४ चैत २०७९,
शानिबार
18 March 2023,
Saturday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

वर्ष २१, अंक ५२ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com



"नेपालको संविधान, ऐन, कानुन बमोजिम आफ्नो भूमिका निर्वाह गर्नेछु । उपराष्ट्रपति पदको काम, कर्तव्य र अधिकार अनुसार भूमिका निर्वाह गर्नेछु ।"

# उपराष्ट्रपति रामसहाय

## यादव स्वच्छ तथा इमान्दार छविका नेता मानिन्छन् ।

- जन्मः २०१७ साउन ९ गते
- २०४७ सालमा सद्भावना पार्टीमा प्रवेश
- २०५९ मा मधेशी जनाधिकार फोरममा आबद्ध
- २०६४ सालमा पहिलो संविधानसभा सदस्य
- २०७२ मा संघीय समाजवादी फोरम नेपालको महासचिव
- २०७८ मा वन तथा वातावरणमन्त्री

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३ चैत ।

उपराष्ट्रपतिमा रामसहायप्रसाद यादव निर्वाचित भएका छन् । शुक्रबार भएको निर्वाचनमा जनता समाजवादी पार्टी (जसपा)का उम्मेदवार यादव ३० हजार ३२८ मतभारका साथ उपराष्ट्रपति निर्वाचित भएका हुन् ।

नेपाली कांग्रेस, माओवादी केन्द्र, एकीकृत समाजवादी लगायतका दलको समर्थन पाएका उनलाई १८४ संघीय सांसद र ३२९ प्रदेशसभा >>> पृष्ठ २ मा


- सूचना प्राप्त गर्दा आधिकारिक माध्यमबाट प्राप्त गरौं ।
- भ्रमपूर्ण र मिथ्या सूचनाबाट भ्रमित नहोऔं ।
- सूचना प्रवाह गर्दा तथ्य जाँच गरी सही सूचना प्रवाह गरौं ।
- अनधिकृत रुपमा सूचना प्रवाह नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# पासपोर्ट विवादमा रविलाई क्लिन चिट !

## झुटो विवरण बुझाएर अमेरिकी नागरिक हुँदाहुँदै नेपालको पासपोर्ट लिएको मुद्दामा रविविरुद्ध मुद्दा चलाउने वा नचलाउने भन्नेबारे सरकारी वकिलले आइतबार निर्णय गर्दैछ ।

**शिवराज अधिकारी/मध्यान्ह**
काठमाडौं, ३ चैत ।

जिल्ला प्रहरी परिसर काठमाडौँले राष्ट्रिय स्वतन्त्र पार्टी रास्वपाका सभापति एवं पूर्वगृहमन्त्री रवि लामिछानेलाई 'क्लिन चिट' दिन राय दिएको छ । जिल्ला प्रहरी परिसर काठमाडौँले ४ दिनअघि सरकारी वकिललाई अनुसन्धान प्रतिवेदन बुझाएको छ । तर, सरकारी वकिल कार्यालयले प्राप्त प्रतिवेदनउपर निर्णय लिएको छैन । झुटो विवरण बुझाएर अमेरिकी नागरिक हुँदाहुँदै नेपाल पासपोर्ट लिएको मुद्दामा उनीविरुद्ध मुद्दा चलाउने वा नचलाउने भन्नेबारे सरकारी वकिलले आइतबार निर्णय गर्दैछ ।

त्यसअघि रवि लामिछानेको नागरिकतासम्बन्धी विवादका कारण सर्वोच्चमा रिट दायर भएको थियो । उक्त रिटमा फैसला गर्दै गत माघ १३ गते अदालतले उनको सांसद पद खारेज गरेको थियो । त्यतिबेला उनी उपप्रधान एवं गृहमन्त्री समेत थिए । त्यसपछि उनले राजीनामा दिएका थिए । उनले नागरिकता पुनः प्राप्ति गरेका थिए । यस्तै, निष्क्रिय भएको नागरिकताबाट राहदानी पनि



फिर्ता गरेका थिए ।

अनुसन्धान अधिकृतहरुका अनुसार राहदानी विवादमा मुद्दा चलाउन सकिने आधार पनि थियो । अमेरिकी राहदानी कायमै रहेको अवस्थामा नेपाली राहदानी लिएको देखिएकाले 'झुटो विवरण पेश गरेको' अर्थ समेत लगाउन सकिन्थ्यो । तर मुद्दा चलाउने हो भने बदनियत स्थापित गर्न भने सहज नभएको भन्ने आधार पनि थियो ।

तर, क्लिन चिट दिने रायसहितको प्रतिवेदनलाई अन्तिम रुप दिनुअघि सरकारी वकिलसँग छलफल समेत भएको थियो । छलफलपछि मुद्दा नचलाउने सुझावसहितको अनुसन्धान प्रतिवेदन बुझाउन तयार भएको हो । कतिपयले यसमा राजनीति पनि जोडिएको छ । २२ माघमा सरकारबाट पार्टीका मन्त्रीहरुलाई फिर्ता बोलाएका रविले समर्थन फिर्ता लिएका छैनन् । २५ फागुनको राष्ट्रपति निर्वाचनमा पनि उनको दल रास्वपाका सांसदहरुले सत्ता गठबन्धनबाट उम्मेदवार बनेका कांग्रेसका रामचन्द्र पौडेललाई मत दिए । अहिले पनि रास्वपा सभापति लामिछाने प्रधानमन्त्री प्रचण्ड र नेपाली कांग्रेसका शीर्ष नेताहरु निरन्तर सम्वादमा छन् । रविले १० वैशाखको उपचुनावपछि आफ्नो दल सरकारमा आउने प्रष्ट सन्देश दिने गरेको पनि नेताहरु बताउँछन् ।

# उपेन्द्रलाई संसद प्रवेशको बाटो खुला

## रामसहायप्रसाद यादव उपराष्ट्रपतिमा निर्वाचित भएसँगै जनता समाजवादी पार्टी (जसपा)का अध्यक्ष उपेन्द्र यादवलाई संसद् प्रवेशको बाटो खुलेको छ ।



**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ३ चैत ।

बारा निर्वाचन क्षेत्र नम्बर २ बाट निर्वाचित रामसहायप्रसाद यादव उपराष्ट्रपतिमा निर्वाचित भएसँगै जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवलाई संसद् प्रवेशको बाटो खुलेको छ । जसपा अध्यक्ष यादव गत मंसिर ४ मा भएको निर्वाचनमा सप्तरी २ मा जनमत पार्टीका अध्यक्ष डा. सिके राउतसँग पराजित भएका थिए ।

पराजित भएपछि संसद प्रवेशको बाटो खोजिरहेका उनले रामसहायप्रसाद यादवलाई पार्टीको संसदीय दलको नेता बताए । अब खाली भएको बारा निर्वाचन क्षेत्र नम्बर २ मा हुने उपचुनावमा अब उपेन्द्र आफैं चुनाव उठ्दैछन् । जसपा अध्यक्ष यादवलाई कांग्रेस, माओवादी केन्द्र र एकीकृत समाजवादीको समर्थन रहने पक्का जस्तै छ । >>> पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# साउदी जेलमा परेका अधिकांश कामदार 'रक्सी कारोबारी'

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ चैत

साउदीका जेलमा रहेका नेपालीमध्ये अधिकांशमाथि प्रतिबन्धित मादक पदार्थ 'रक्सी' ओसारपसारको अभियोग रहेको छ । साउदी अरेबियास्थित नेपाली दूतावासमा कार्यरत काउन्सिलर श्रम देवेन्द्र कार्कीले जेल तथा थुनुवा केन्द्रहरूको निरीक्षणमा उक्त अवस्था देखिएको बताएका छन् ।

दूतावासको साप्ताहिक फेसबुक कार्यक्रममा काउन्सिलर कार्कीले त्यस्तो अवैधानिक कार्यमा नेपालीले नेपालीलाई नै दुरुपयोग गरेको बताए । साउदी अरबमा मदिराको उत्पादन तथा बिक्री अवैधानिक रहेको छ । अवैधानिक कार्यमा लाग्नेलाई कारोबारको परिमाणअनुसार जेल सजाय हुने गरेको छ ।

कुवेतमा पनि अवैध मदिराको उत्पादन तथा बिक्रीमा नेपाली कामदारहरु पटक-पटक पक्राउ पर्ने गरेका छन् । कुवेतमा अवैधानिक अवस्थामा बसेका नेपालीहरू मदिराको अवैध कारोबारमा लाग्ने गरेका छन् ।

### कोरियामा कामदारलाई वैकल्पिक बिदा

**काठमाडौं/मस-** दक्षिण कोरिया सरकारले कामदार हरूलाई आराम तथा मनोरञ्जनका लागि समयको प्रबन्ध गर्न वैकल्पिक बिदा दिने निर्णय गरेको छ । यसबाट कोरियाली कामदारसँगै रोजगार अनुमति प्रणाली (ईपीएस)मार्फत कोरिया गएका नेपाली कामदारहरु पनि लाभान्वित हुने अपेक्षा गरिएको छ ।

हाल कोरियामा ४० हजारभन्दा बढी नेपाली कार्यरत रहेका छन् । उनीहरू सार्वजनिक बिदाको >>> पृष्ठ २ मा

# देशभरिकै अस्पताल निर्माणमा ढिलाइ

## केपी ओली सरकारले २०७७ मा तीन सय ९६ आधारभूत अस्पताल बनाउन स्वीकृती दिएको थियो भने एकै पटक तीन सय ९६ वटा स्थानीय तहमा आधारभूत शिलान्यास गरिएको थिए ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ३ चैत ।

तत्कालीन केपी ओली नेतृत्वको सरकारले देशभरिकै स्थानीय तहमा पाँच, दश र पन्ध्र बेडको आधारभूत अस्पताल निर्माण गर्ने निर्णय गरेपनि उपलब्धि भने उत्साहजनक देखिएको छैन । ३ सय ९६ पालिकामध्ये तीन सय ४७ पालिकाले निर्माण सुरु गरेपनि ४९ पालिकाले आधारभूत अस्पताल निर्माण कार्यलाई अगाडि बढाउनै सकेका छैनन् ।

केपी ओली सरकारले २०७७ मा तीन सय ९६ आधारभूत अस्पताल बनाउन स्वीकृत गरेको थियो भने एकै पटक तीन सय ९६ वटा स्थानीय तहमा आधारभूत अस्पतालको प्रधानमन्त्री ओलीले शिलान्यास गरेका थिए ।

निर्माण सुरु गरेका पालिकामध्ये तीन सय २७ वटा अस्पतालले डिपिआर तयार पारेको देखिन्छ भने डिपिआर गरेकामध्ये तीन सय २५ पालिकाले टेण्डर गरी सम्झौता गरेर ३ सय २ अस्पतालले निर्माण कार्य थालेको मन्त्रालयले जनाएको छ । हालसम्म अस्पताल निर्माणका लागि डीपीआर तयार नपार्नेमा कोशी प्रदेशमा दुई, मधेशमा पाँच, बागमतीमा तीन, गण्डकीमा दुई र कर्णालीमा ६ पालिका रहेका छन् । हालसम्म स्थानीय तहले १६ अर्ब ६१ करोड बढी भुक्तानी लगिसकेको स्वास्थ्य मन्त्रालयको तथ्यांकले देखाउँछ । यद्यपि, धनुषा, खोटाङ्ग, सुनसरी, जाजरकोट र गुल्मी लगायतका केही स्थानमा भने अस्पताल निर्माणको काम अन्तिम चरणमा पुगेको देखिन्छ ।

३ सय ९६ आधारभूत अस्पतालमध्ये पुस मसान्तसम्म तीन सय ४७ वटा पालिकाले प्रारम्भिक रिपोर्ट बुझाएपनि ४९ पालिकाले भने प्रारम्भिक रिपोर्ट समेत नबुझाएको जनस्वास्थ्य निरीक्षक सुरतबहादुर खड्का बताए । जग्गाको विषय, राजनीतिक अस्थिरता र भौगोलिक जटिलताले डीपीआर निर्माणमा ढिलाई भएको उनको भनाई छ । तसर्थ, टेण्डर नै नभएका २० अस्पतालका लागि सरकारले बजेट निकासी गर्न सकेको छैन । यद्यपि, सरकारले आगामी नीति तथा कार्यक्रम प्रस्तुत गर्दा सय वटा अस्पताल हस्तान्तरण गर्ने योजना भने अघि सारको छ ।

सरकारले १५ शय्याका लागि १८ करोड ६ लाख, १० शय्याको ११ करोड र ५ शय्याका लागि ७ करोड रुपैयाँ बजेट छुट्याएको थियो भने आधारभूत अस्पतालको निर्माण दुई वर्षमा सक्ने लक्ष्यका साथ ५८ अर्ब ८० करोड बजेट विनियोजन गरेको थियो । तर, हालसम्म पनि निर्माणको प्रगति उत्साहजनक देखिन सकेको छैन । बरु, हरेक क्षेत्रको निर्माण कार्यमा सुस्तता र अनियमितता मात्रै देखापरेको छ ।

मध्यान्ह
www.madhyanhadaily.com
४ चैत २०७९, शनिबार
18 March 2023, Saturday

# १५ लाख नेपालीमा मधुमेह

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ चैत

पछिल्लो समय नेपालमा मधुमेह रोगीको संख्या बढ्दै गएको पाइएको छ। नेपालको कुल जनसंख्याको ८ दशमलव ५ प्रतिशत अर्थात् करिब १५ लाखमा मधुमेह भएको अनुमान गरिएको छ । काठमाडौंमा शुक्रबारबाट शुरु भएको साफिस इन्टरनेशनल इन्डोक्राइन सम्मेलनमा बोल्दै चिकित्सकहरुले नेपालसहित विश्वभर नै मधुमेह जस्ता दिर्घ रोगले महामारीको रुप लिएको बताएका छन् । साफिसकी निवर्तमान अध्यक्ष डा.डीना श्रेष्ठले मधुमेह, थाइराइड जस्ता दीर्घरोगले भयावह रुप लिएको बताइन् । नेपालको सर्न्दभमा शहरी क्षेत्रमा बसोबास गर्ने ५० प्रतिशतमा मधुमेह रहेको छ भने ग्रामीण भेगमा बसोबास गर्ने पाँचदेखि सात प्रतिशतमा यो रोग देखिएको



उनको भनाइ छ। मधुमेह जस्ता हर्मोन रोगले व्यक्ति सँगै उनिहरुको परिवार र समाजलाई पर्ने मानसिक र आर्थिक प्रभावबारे सम्बोधन गर्न जरुरी रहेको उनले बताइन्। डा. श्रेष्ठका अनुसार मधुमेह जस्ता दीर्घरोगसँग लड्नका लागि एउटा देशले एक्लै काम गर्नुभन्दा विभिन्न देशका सरोकारवालाहरु मिलेर काम गर्न आवश्यक छ ।

सम्मेलनको सुरुवातमा मह जोडी, मदन कृष्ण श्रेष्ठ र हरिवंश आचार्य अभिनित वृत्तचित्र 'मधुमेह भाग-२' को प्रिमियर शो प्रस्तुत गरिएको थिए । काठमाडौंमा शुक्रबारबाट शुरु भएको सम्मेलनमा विभिन्न देशका अन्तर्राष्ट्रिय स्तरका विज्ञहरुबाट मधुमेह, थाइराइड, मोटोपना तथा अन्य हर्मोनसँग सम्बन्धित रोगहरूमा अनुसन्धानमुलक कार्यपत्रहरु प्रस्तुत गरिने छ ।

साफिस दक्षिण एसियाली राष्ट्रहरुमा रहेका इन्डोक्रीनोलोजी एसोसिएसनको छाता संगठन हो । यस संस्थामा बंगलादेश, भारत, अफगानिस्तान, श्रीलंका, पाकिस्तान माल्दिभ्स र नेपालका इन्डोक्राइन सोसाइटीहरु आवद्ध छन् ।

## नगरप्रमुखमाथि अनियमितताको आरोप
# तनावग्रस्त बन्यो गरुडा

**प्रेमचन्द्र झा/मध्यान्ह**
रौतहट, ३ चैत

गरुडा नगरपालिकामा अनियमितता भएको भन्दै आवाज उठाउनेलाई प्रहरीले नियन्त्रणमा लिएको छ । नगरप्रमुख कन्थमणी जायसवालले नगरपालिकालाई कार्यकर्ता भर्ती केन्द्र बनाएको भन्दै आवाज उठाउने लोकतान्त्रिक समाजवादी पार्टी नेपालका नेता दीपक यादवलाई इलाका प्रहरी कार्यालय गरुडाले नियन्त्रणमा लिएको हो । जायसवालले मेयरमा निर्वाचित भएपछि योग्य तथा दक्ष कर्मचारीलाई हटाएर आफ्ना नातागोता, आफन्त, पार्टी कार्यकर्तालाई नियुक्त गरेर सरकारी रकमको चरम दुरूपयोग गरेको नेता यादवले आरोप लगाएका थिए । यादवलाई प्रहरीले शुक्रबार साँझ नियन्त्रणमा लिएको थियो । त्यसपछि गरुडाको अवस्था तनावग्रस्त बनेको थियो ।



नगरपालिकाको खर्चको पारदर्शी हुनुपर्ने, १ सय ५० जना कर्मचारीको भर्ना प्रक्रिया सार्वजानिक गर्नुपर्ने लगायतका माग राख्दै यादवका समर्थकले प्रदर्शन गरेका थिए ।

उनीहरुको प्रदर्शनले गौर चन्द्रनिगाहपुर सडकखण्ड अवरुद्ध बनेको थियो । त्यसपछि प्रहरीले पक्राउ परेका यादवलाई रिहा गरेको थियो । नगर प्रमुख जायसवालको घर र नगरपालिका कार्यालयमा ढुंगा मुढा गरेको आरोपमा उनलाई नियन्त्रणमा लिएको ईलाका प्रहरी कार्यालय गरुडाका प्रहरी नायव उपरीक्षक छेदीलाल कमतीले बताए । प्रहरी कार्यालयबाट रिहा भएपछि यादवले आफूले माग गरेको कागजात नगरपालिकाले आइतबार साँझसम्म उपलब्ध गराउने बताए । आफ्नो माग सम्बोधन नगरे सोमबारदेखि धर्नामा बस्ने उनले चेतावनी दिए ।

आफूले व्यक्तिगत फाइदाका लागि नभइ जनताको हितको लागि राखेका माग नगरपालिकाले पूरा गर्नुपर्ने उनले बताए ।

मेयरबाट महिनावारी बुझ्ने पत्रकारले आफूहरुको आन्दोनलनको बारेमा नलख्ने गरेको उनको आरोप थियो ।

# राप्रपामा देखिएका समस्या समाधान गर्न समिति गठन

**काठमाडौं/मस-** राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले पार्टी कमिटीहरूमा देखिएका समस्या समाधान गर्न समिति गठन गरेको छ । केही जिल्ला र कमिटीमा आन्तरिक विवाद रहेको, विभिन्न जिल्ला तथा स्थानीय समितिहरू निष्क्रिय रहेकोलगायत विभिन्न समस्या भएका कारण साङ्गठनिक गतिविधि अघि बढाउन कठिनाइ भएको गुनासो बढ्न थालेपछि समाधानका लागि समिति गठन गरिएको प्रवक्ता मोहन श्रेष्ठले जानकारी दिए।

समितिले जिल्ला र स्थानीय कमिटीको समस्याको पहिचान र समाधानका लागि अध्ययन र छानबिन गरी १५ दिनभित्र सुझाव पेस गर्न नेता नीरञ्जन थापाको संयोजकत्वमा निष्क्रिय एवं आन्तरिक समस्या



समाधान तथा समन्वय समिति गठन गरिएको हो । समितिको सदस्य सचिवमा पार्टीका केन्द्रीय सदस्य राजु बस्नेत र सदस्यहरूमा महामन्त्री प्रह्लाद शाह, सह महामन्त्रीत्रय प्रकाश रिमाल, रवीन्द्र प्रताप शाह, झनक प्याकुरेल र केन्द्रीय सदस्य पवित्रा सुब्बा श्रेष्ठ छन् ।

समितिले पदीय जिम्मेवारीमा रहेर जिम्मेवारी अनुसारको भूमिका निर्वाह नगर्ने, गत स्थानीय, प्रदेश र संघको निर्वाचनमा पार्टीका उमेदवारलाई असहयोग गर्ने, सामाजिक सञ्जाल र आमसञ्चार माध्यममा पार्टी र नेतृत्व लक्षित गलत अभिव्यक्ति दिने, भ्रम सिर्जना गर्ने, निर्वाचनमा होमिएका उम्मेदवारको मनोबल कमजोर हुने गरी क्रियाकलाप गर्ने, निर्वाचनको समयमा पनि निष्क्रिय रहेका विभिन्न तहगत समितिलाई कारबाहीको दायरामा ल्याउने गरी छानबिन गर्ने गर्नेछ ।

## 'नेपाली भाषालाई 'खस भाषा' बनाइएको छैन'

**काठमाडौं/मस-** नेपाल प्रज्ञा-प्रतिष्ठानले नेपाली भाषालाई 'खस भाषा' भन्ने निर्णय नभएको स्पष्ट पारेको छ । 'प्रतिष्ठानको वर्तमान नेतृत्वले नेपाली भाषालाई खस भाषाको संज्ञा दिँदै प्रज्ञा-प्रतिष्ठानबाट नेपाली भाषा, व्याकरण र शब्दकोष विभाग हटाएको भनी गलत एवम् भ्रामक सूचना सम्प्रेषण भइरहेको विषयमा गम्भीर ध्यानाकर्षण भएको छ', सदस्य सचिव डा. धनप्रसाद सुवेदीद्वारा आज जारी विज्ञप्तीमा भनिएको छ ।



प्रतिष्ठानबारे गलत सूचना सम्प्रेषण भएको भन्दै सदस्य सचिव सुवेदीले प्रष्ठिानले नेपाली भाषा व्याकरण र शब्दकोश विभाग हटाउने काम गरेको लगायत गलत एवं भ्रामक प्रचार तथा सूचना सम्प्रेषण गर्ने गरिएकोप्रति ध्यानाकर्षण भएको बताए। प्रतिष्ठानले वर्तमान नेतृत्व नेपाली भाषालगायत नोपलमा बोलिने सबै भाषा, साहित्य, संस्कृति, दर्शनको संरक्षण, सम्वर्धन र विकासमा सदैव सचेत र प्रतिबद्ध रहेको र आगामी दिनसमेतमा प्रतिबद्ध रहने विश्वास पनि दिलाएको छ ।

### उपराष्ट्रपति...

सदस्यले मत दिएका थिए । नेकपा एमालेकी उम्मेदवार अष्टलक्ष्मी शाक्यलाई १६९ प्रदेशसभा सदस्य र १०४ संघीय सांसदले मत दिएका छन् । उनले पाएको मतभार जम्मा १६ हजार ३२८ रह्यो ।

जनमत पार्टीकी उम्मेदवार ममता झालाई २३ संघीय सांसद र १५ प्रदेशसभा सदस्यले मत दिएका छन् । उनले पाएको मतभार कुल २ हजार ३३७ रह्यो । नवनिर्वाचित उपराष्ट्रपति यादवलाई निर्वाचन आयोगले शुक्रबार नै उपराष्ट्रपतिको प्रमाणपत्र प्रदान गरेको छ। उनलाई निर्वाचन आयोगका प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले उपराष्ट्रपति पदमा विजयी भएको प्रमाणपत्र प्रदान गरेका हुन् ।

प्रमाणपत्र प्रदान एवं नतिजा घोषणा कार्यक्रममा प्रधानमन्त्री पुष्पकमल दाहाल, पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा, उपप्रधानमन्त्री एवं भौतिक पूर्वाधार तथा यातायातमन्त्री नारायणकाजी श्रेष्ठ, जसपाका नेताहरु र निर्वाचन आयोगका निर्वाचन आयुक्तहरुको उपस्थिति रहेको थियो ।

उपराष्ट्रपतिमा निर्वाचित भएपछि यादवले संविधान रक्षा र पालना गर्दै मुलुकको राष्ट्रिय एकता मजबुत बनाउन इमान्दारितापूर्वक लाग्ने बताएका छन् । 'नेपालको संविधान,ऐन, कानुन बमोजिम आफ्नो भूमिका निर्वाह गर्नेछु । उपराष्ट्रपति पदको काम, कर्तव्य र अधिकार अनुसार भूमिका निर्वाह गर्नेछु' उनले भने । शान्ति प्रक्रिया निष्कर्षमा पुऱ्याउन आफ्नो तर्फबाट गर्न सकिने प्रयासलाई इमान्दारितापूर्वक भूमिका निर्वाह गर्ने उनको प्रतिवद्धता छ ।

यादव गत मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनमा बारा क्षेत्र नं २ बाट निर्वाचित भएका हुन् । उनी यसअघि २०७४ सालमा पनि बारा-२ बाटै प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका थिए । मधेस आन्दोलनका क्रममा दरिलो पहिचान बनाएका उनी राजनीतिक जीवन अघि बाराको कलैयामा २३ वर्षसम्म शिक्षण पेशामा समर्पित थिए । बारा कलैयामा अवस्थित श्री पन्ना देवी कन्या माविमा उनी विज्ञान र गणित विषयको शिक्षक थिए ।

यादवको जन्म विसं २०१७ साउन ९ गते बाराको कचोर्वा-८ बसवरियामा भएको हो । उनी विसं २०७२ मा मधेसी जनाधिकार फोरम नेपाल र संघीय समाजवादी पार्टी नेपाल एकीकरण भई गठन भएको संघीय समाजवादी फोरम नेपालको महासचिव भएका थिए ।

भारतको सीतामढी कलेजबाट विज्ञान विषयमा स्नातक र ठाकुरराम बहुमुखी क्याम्पस वीरगञ्जबाट शिक्षा सङ्कायमा स्नातक अध्ययन गरेका यादवको प्राथमिक शिक्षा आफ्नै गाउँको श्री नेपाल राष्ट्रिय प्राथमिक विद्यालय बसवरियाबाट सुरु भएको थियो ।

नेपाल सद्भावना पार्टीबाट राजनीति सुरु गरेका उनी उच्च शिक्षा लिई भारतको सीतामढीबाट बिएससी अध्ययन गरी फर्किंदा नेपालमा २०४६ सालको आन्दोलन सुरु भइसकेको थियो । उक्त समयमा तराई मधेशका मुद्दामा नेपाल सद्भावना पार्टीले काम गरिरहेको विषय जानकारी पाएपछि उनी २०४७ सालमा सद्भावना पार्टीमा प्रवेश गरेका हुन् । सो पार्टीका अध्यक्ष गजेन्द्रनारायण सिंहको निधनपछि राजविराज महाधिवेशनमा नेपाल सदभावना पार्टी विभाजनको विरोधमा आनन्दी देवीको नेतृत्वमा पार्टी एकताका लागि आमरण अनसनमा बस्ने यादव पहिलो नेता थिए । राजनीतिका क्रममा उनको भेट उपेन्द्र यादवसँग भएपछि उनी २०५९ सालमा मधेशी जनाधिकार फोरममा आबद्ध भए । त्यसपछि उनी २०६४ सालमा पहिलो संविधानसभामा समानुपातिक तर्फबाट सदस्य भएका थिए भने विसं २०६५ मा उनी पार्टी महासचिव थिए। यादव स्वच्छ तथा इमान्दार छविका नेता मानिनन्छन् ।

उनी विसं २०७६ सालमा समाजवादी पार्टी र राष्ट्रिय जनता पार्टी (राजपा) बीच एकीकरण भई गठित जनता समाजवादी पार्टी नेपालको कार्यकारिणी समिति सदस्य भएका थिए। विसं २०७८ मा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको सरकारमा वन तथा वातावरणमन्त्री भएका उनी हाल जनता समाजवादी पार्टी, नेपालको संसदीय दलको नेताको भूमिकामा समेत थिए ।

### उपेन्द्रलाई...

संविधानको धारा ६७ को उपधारा ३ मा 'निर्वाचन, मनोनयन वा नियुक्ति हुने राजनीतिक पदमा बहाल रहेको कुनै व्यक्ति उपराष्ट्रपतिको पदमा निर्वाचित भएमा निजको त्यस्तो पदस्वतः रिक्त हुनेछ' भन्ने उल्लेख छ । यसअघि रामचन्द्र पौडेल राष्ट्रपति भएपछि तनहुँको निर्वाचन क्षेत्र नम्बर १ पनि खाली भएको थियो । यस्तै चितवन क्षेत्र नम्बर २ पनि खाली छ ।

चितवन-२ बाट निर्वाचित राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछाने निर्वाचित भएका थिए । तर नागरिकता प्रकरणमा दोषी ठहरिएपछि उनको पद खारेज भएको थियो । सांसद पद रिक्त भएका निर्वाचन क्षेत्रमा एकै चरणमा निर्वाचन गर्ने निर्वाचन आयोगको तयारी छ ।

### कोरियामा...

नयाँ नियमबाट लाभान्वित हुनेछन्। कोरिया सरकारले वर्षको १५ दिन सार्वजनिक बिदा दिँदै आएको छ ।

कोरिया सरकारले सार्वजनिक बिदा साताको अन्तिम दिनमा परे वैकल्पिक दिन बिदा दिने निर्णय गरेको छ। जसअनुसार बुद्धजयन्ती र क्रिसमस शनिबार वा आइतबार बिदाको दिनमा परेमा कामदारले सोमबार बिदा पाउनेछन् ।

कोरियामा निरन्तर काम गर्नुपर्ने र रोजगारदाताले भाषाको समस्याले कामदारको माग नबुझ्ने वा सम्बोधन नगरिदिने गरेका कारण नेपालीसहित विदेशी कामदार मानसिक तनावको अवस्थामा पुग्ने गरेका छन् । कोरियाली सरकारले कामदारहरूको मानसिक तनाव कम गरी उनीहरूलाई पर्याप्त आराम दिन वैकल्पिक बिदाको व्यवस्था गरेको बताएको छ ।

**प्रदेश सरकार**
**उधोग पर्यटन वन तथा वातावरण मन्त्रालय**
**वन निर्देशनालय**
**डिभिजन वन कार्यालय**
**उदयपुर(त्रिवेणी), कोशी प्रदेश**

**लिलाम सहमति दिइएको सम्बन्धमा**
(प्रकाशित मितिः२०७९/१२/०४)

**श्री रैतारानी सा.व.उ.स**
**रौतामाई गा.पा ७, उदयपुर ।**

प्रस्तुत विषयमा यस कार्यालयको च.नं.१२८२ मिति २०७९/११/१० गतेको संकलन सहमति अनुसार यस सा.व.उ.स. ले मा छपान भएका रुखहरु नियमानुसार संकलन गरी घाटगद्दी गरेका तपसिल बमोजिमको गोलिया, काठ, दाउरा समूह भित्र र बाहिर बिक्री वितरणको लागि समूहको निर्णय बमोजिम सम्बन्धित स.डि.व. का बाट गोलिया काठ तथा दाउराको लट विभाजन भई वार्षिक स्वीकार्य कटान भन्दा बढी भएको १८८।९५ क्यूफिट साल काठको हकमा त्यस समूहको आ.व.२०८०/०८१ को ACC मा समायोजन हुने गरी नियमानुसार लगत समर्थको लागि श्री सव डिभिजन वन कार्यालय भुटारको च.नं.२०९ मिति २०७९/११/२५ गतेको सिफरिस पत्रसाथ लेखी आएकोले तपसिल समूहभित्र वितरण गरी बाँकी रहेको काठ/दाउरा समूह बाहिर बिक्री वितरणका लागि राष्ट्रिय दैनिक पत्रिकामा २१ दिने सूचना प्रकाशन गरी बिक्री वितरण गर्ने गरी यो सहमति दिइएको छ ।
समूह बाहिर बिक्री वितरण गर्दा प्रचलित ऐन, कानून, परिपत्र सा.व.को काठ/दाउरा संकलन तथा बिक्री वितरण दिर्नेशिका २०७१ को अधिनमा रहि वन नियमावली २०७९ मा उल्लेखि राजश्व मूल्यमा नघट्ने गरी न्यूनतम मूल्य कायम गर्ने साथै टि.सी.एनको मूल्य तथा हालको बजारभाउलाई समेत ध्यानमा राखी जिल्ला प्रशासन कार्यालय, को.ले .नि.का तथा यस कार्यालयमा अनिवार्य रुपमा दरभाउपत्र फारम बिक्रीका लागि पठाउने व्यवस्था मिलाई पूर्ण पारदर्शी एवं स्वच्छ प्रतिस्पर्धा गराई समूह बाहिर काठ/दाउरा लिलाम बिक्री गर्नु, गराउन हुन समेत अनुरोध छ ।

**तपसिल**

| ल.ट नं. | जात | ए ग्रेट | | बी ग्रेट | | सी ग्रेट | | डी ग्रेट | | जम्मा | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | थान | परिमाण | थान | परिमाण | थान | परिमाण | थान | परिमाण | थान | परिमाण | |
| १ | साल गोलिया | ११ | २६१.७१ | १३ | २०६.८९ | २२ | १७०.९० | २ | ७.७५ | ४८ | ६४८.२५ | समूह बाहिर |
| २ | चिलाउने गोलिया | | | | | | | | | १० | ८३.८३ | समूह बाहिर |
| ३ | साल गोलिया | | | ६ | ११५.९६ | ५ | १३.३६ | | | ११ | १२९.३१ | समूह भित्र |
| ४ | साल दाउरा | २०×५×५ को १.५ चट्टा | | | | | | | | | | समूह बाहिर |

**श्री पश्चिम जहरे महिला सामुदायीक वन उपभोक्ता त्रिनपा ७ उदयपुरको समुह बाहिर काठ विक्रि सम्बन्धी सूचना**

**प्रकाशित मितिः २०७९/१२/०४**

यस सामुदायिक वनबाट आर्थिक बर्ष २०७८/०७९ को विधिवत रुपमा कटान मुछान संकलन भइ घाट गद्दिमा रहेको साल साल गोलिया थान ३३ को ४९०.६३ क्युफिट साल चिरान थान ४८ को ४८.३५ क्युफिट काठ बाहिर जे जो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री समुह बाहिर गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। पूर्ण व्यहोराको सूचना समूहको सूचनापाटीमा टांस गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७३/०४/१६ मा दर्ता भएको **प्रा.लि.नं. १५२९१४** को **हवेन इन्भेस्टमेन्ट प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/१०/१९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०७९/१२/०४**

**बशिष्ठ कोचिङ्ग एण्ड ट्रेनिङ सेन्टर प्रा.लि.** को मिति २०७९/०८/२९ गतेमा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **बशिष्ठ कोचिङ्ग एण्ड ट्रेनिङ्ग सेन्टर प्रा.लि. (प्रा.लि.नं.: १४९०२५)** कायम गर्ने गरी मिति २०७९/०९/१३ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**पूर्वाधार विकास कार्यालय**
**भरतपुर, चितवन**

**आर्थिक प्रस्ताव स्वीकृतीको आशयको सूचना**

**प्रकाशित मितिः २०७९/१२/०४**

यस कार्यालयबाट मिति २०७९/०८/११ गतेको नागरिक राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार प्राविधिक प्रस्तावको मूल्याङ्कनमा सफल भएका बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव मिति २०७९/१२/०२ गते खोलि खोलिएका प्रस्तावहरुको मूल्याङ्कन गरी न्यूनतम् मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही तपशिलमा उल्लेखित बोलपत्रदाताहरुको बोलपत्र स्वीकृतिका लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन २०६३ दफा २७ को उपदफा (२) प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र. सं. | ठेक्का नं. | योजनाको विविरण | न्यूनतम मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही फर्मको नाम | कबोल अंक भ्याट र पी.एस सहित |
|---|---|---|---|---|
| 1 | IDO/CHT/W/NCB/51/079-80 | Construction Of Bridge Over Kerung Khola at Boarder of Bharatpur 23 & 24, Chitwan | K.B.C.Builders Company pvt.ltd. Bharatpur-10, Chitwan | 7,98,18,559.74 |

**निमित्त कार्यालय प्रमुख**

**साउदीमा रोजगार** JADDARAH RECRUITMENT COMPANY, DAMMAM पूनः
पुर्व स्विकृति मितिः २०७९।०८।१३ चलानी नं. ६०१९२३५१ LT No. 276885 बिज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या | कामदारको न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब N. Rs. | ओभर टाईम सुबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Laboure | 56 पुरुष | काममा दक्ष | 1000 | 35172 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | निःशुल्क | रोजगारदाता कम्पनीले | रु. ७००/- कामदार आफैले | कामदार आफैले | रु.१५०० कामदार आफैले |

**अन्तरवार्ताः मेनपावर कार्यालय, काठमाडौंमाः २०७९ चैत्र १२ गते (26 March 2023) हुनेछ।**

वैदेशिक रोजगार विभागवाट गराइएको जानकारीः १. आफनो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रूपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसँग राख्नुहोला । ६. कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्वन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला । लागत खर्चः ० श्रम इजाजत पत्र नं. ४५४/०६०/०६१

**सिद्धार्थ गौतम ओभरसिज सर्भिसेज प्रा. लि.**
महाराजगञ्ज, आकृति मार्ग, काठमाडौं, फोन नं.: ४०१६२४९, ४०१६२५०

**UAE मा रोजगारको अवसर** Proscape LLC.
पूर्व स्वीकृती मितिः २०७९/१२/०२ चलानी नं. ६०१९८२८० LT No. : 282873

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Agriculture Worker | 90 | 0 | काममा दक्ष | 800 | २८,७८२।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| २. | Farm Worker | 90 | 0 | काममा दक्ष | 800 | २८,७८२।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| ३. | Garden Worker | 70 | 0 | काममा दक्ष | 800 | २८,७८२।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- कामदार आफैले | रु. ७००/- कामदार आफैले | निःशुल्क |

**अन्तरवार्ता २०७९ चैत्र ११ गते (25 Mar, 2023) यस प्रा. लि. कार्यालय सिनामंगल, काठमाडौंमा हुनेछ ।**

[illegible]

**अल जराफा ह्यूमन रिसोर्स कन्सल्टेन्ट प्रा. लि.**
सिनामंगल, (NIC Asia Bank सँगै), काठमाडौं, फोनः ०१-४५९८१६२, ४५९३८७८
९८१८५१०५३३, ९८०९४६५३१४, ९८०८०१८०९४, ९८४७८७७८१९, ९८१३५३५३९७
शाखा कार्यालय चितवन सम्पर्कः ०५६-४९४३११ ९८५५०६४९७८, ९८५५०६४९७९
शाखा कार्यालय पोखरा सम्पर्कः ०६१-५८७७७०, ९८०११३६६८५, ९८५६०३९७७०
श्रम इजाजत नं.: १५८/०६७/०६८

# खानी विभागका तत्कालीन महानिर्देशकसहित सिमेन्ट उद्योगीले पाए सफाइ

**रेशम अधिकारी, मध्यान्ह**
नवलपरासी, ३ चैत

खानी विभागका तत्कालीन महानिर्देशकसहित सिमेन्ट उद्योगीले सफाइ पाएका छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले खानी उत्खनन्मा राजस्व चुहावट गरेको आरोपमा २७ जनाविरुद्ध मुद्दा दायर गरेको थियो ।

विशेष अदालतका न्यायाधीश रमेशकुमार पोखरेल, बलभद्र बास्तोला र डा. खुशी प्रसाद थारुको संयुक्त इजलासले शुक्रबार विभागका कर्मचारीसहित सबै उद्योगी र मेयरलाई मागदाबी नपुगेको भन्दै सफाइ दिएको हो । आयोगले २०७८ माघमा एक अर्ब २४ करोड ३५ लाख २६ हजार ६४३ बराबरको राजस्व चुहावट गरेर भ्रष्टाचार गरेको आरोपमा मुद्दा दायर गरेको थियो ।




आयोगले भू-गर्भ विभागका तत्कालीन महानिर्देशक राम प्रसाद घिमिरे, सुपरिटेन्डेन्ट माइनिङ इन्जिनियर जयराज घिमिरे, कानून उपसचिव सपना अधिकारी, उपन्यायाधिवक्ता चन्द्रकुमार पोखरेल, सिनियर डिभिजनल मेकानिकल इञ्जिनियर प्रशान्त बोहरा, सिनियर जिओलोजिस्ट धर्मराज खड्का, लेखा अधिकृत भद्र गौतम, रिसर्च अधिकृत वसन्त अधिकारी र जिओलोजिष्ट डा. सौनक भण्डारीविरुद्ध मुद्दा दायर गरेको थियो । उनीहरुले खानी तथा चुनढुंगा दोहनमा सञ्चालकसँग मिलेमतो गरी सरकारी राजस्व हिनामिना गरेको आरोप लागेको थियो । यसैगरी, ९ वटा सिमेन्ट तथा खानी उद्योगका ९ जना सञ्चालकविरुद्ध पनि अख्तियारले मुद्दा दायर गरेको थियो ।

जसमा सर्वोत्तम सिमेन्टका प्रबन्धसञ्चालक विष्णुप्रसाद न्यौपाने, सिद्धार्थ मिनरल्स प्रालिका पशुपति मुरारका, मारुती सिमेन्टका शरद गोयल, अन्नपूर्ण कोएरिज प्रालिका ऋषि अग्रवाल, उदयपुर मिनरल्स टेक प्रवलजंग पाण्डे, युनाइटेड सिमेन्ट प्रालिका नरेश दुगढ, सोनापुर मिनरल्स प्रालिका निपेश टायल, दोलोमाइट चुनढुंगा प्रालिका सञ्चालक मानबहादुर श्रेष्ठ र सुनवल नगरपालिकाका पूर्व मेयर एवम् कञ्चल कोयरिज प्रालिका भीमबहादुर थापा क्षेत्रीविरूद्ध भ्रष्टाचार मुद्दा दायर भएको थियो । पूर्व मेयर क्षेत्रीविरुद्ध भने ३ करोड ८ लाख ६९ हजार रुपैयाँको बिगो माग गरिएको थियो ।

# पोर्चुगलमा मार्च २९ देखि राहदानी सेवा



**पुस्तक रेग्मी/मध्यान्ह**
पोर्चुगल, ३ चैत

पोर्चुगलमा यही मार्च २९ देखि राहदानी सेवा उपलब्ध गराउने टोली आउने भएको छ । विगत लामो समयदेखि पोर्चुगलका नेपालीहरुको पासपोर्ट बनाउनुपर्ने समस्या बढ्दै गएको थियो । सोही समस्याको समाधान गर्न अब फ्रान्सस्थित नेपाली दूतावासका प्रतिनिधि एवं परराष्ट्र मन्त्रालय अन्तर्गत राहदानी विभागबाट आउने टोलीले यही मार्च २९ देखि २५ अप्रिलसम्म जैविक तथ्यांक संकलन गर्ने दूतावासले एक सूचना जारी गर्दै जानकारी दिएको छ ।

दरखास्त संकलनको कार्य शनिबारबाहेक अन्य प्रत्येक दिन बिहान ९ बजेदेखि बेलुका ७ बजेसम्म रहने पनि सूचनामा उल्लेख छ ।

# गाउँपालिका अध्यक्षलाई कारबाहीको माग




**मध्यान्ह संवाददाता**
रौतहट, ३ चैत

सिराहाको भगवानपुर गाउँपालिकाका अध्यक्ष जयनारायण यादवलाई कारबाही गर्न माग गर्दै रौतहटका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्रकुमार मिश्रलाई ज्ञापन पत्र बुझाइएको छ । दलितलाई पहिचानको आधारमा विभेद गरेको भन्दै दलित अगुवाहरुले गाउँपालिका अध्यक्ष यादवलाई कारबाही गर्न माग गर्दै ज्ञापन पत्र बुझाएका हुन् ।

उनीहरुले अध्यक्ष यादवले आफ्नो आमाको १३औं पुण्यतिथिको अवसरमा फागुन २२ गते गरेको भोजमा सबै जातलाई अलगअलग स्थानमा छुट्याएर भोज खुवाएर छुवाछुतलाई प्रश्रय दिएको भन्दै कारबाही गर्न माग गरेका हुन् ।

गाउँपालिका अध्यक्ष जस्तो सार्वजनिक पद धारण गरेको व्यक्तिले गरेको विभेदले दलित समुदायले ठूलो अपमान भोग्नु परेको ठहर गर्दै सो पुण्यतिथिमा भोज खाने सबैलाई सार्वजनिकरुपमा माफी माग्न दलित अगुवाले माग गरेका छन् ।

दलित अधिकारकर्मी मटुक पासवान, दलित संघका सचिव धर्मेन्द्र पासवान, उदयनारायण राम, चन्देश्वर राउत, अवध नारायण राम, रामपुकार दास, सुरेश दाससहितका दलित अगुवाहरु जिल्ला प्रशासन कार्यालय रौतहट पुगेर ज्ञापन पत्र बुझाएका हुन् ।

## UAE मा रोजगार

कम्पनी : PIGEON BUILDING CONTRACTING LLC
शहर : UAE

पूर्व स्वीकृत मितिः २०७९/१२/०३ चलानी नं.: ६०१९८३४४ LT. No.: 282912

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Brick Mason | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,१५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Building Laborer | 2 | 0 | | 1000 | ३५,९६० | | | | | | | |
| 3. | Cleaning Worker | 1 | 2 | | 900 | ३२,३६४ | | | | | | | |
| 4. | Construction Carpenter | 2 | 0 | | 1200 | ४३,१५२ | | | | | | | |
| 5. | Construction Carpenter Assistant | 1 | 0 | | 1000 | ३५,९६० | | | | | | | |
| 6. | Reinforcing Fitter Assistant | 1 | 0 | | 1200 | ४३,१५२ | | | | | | | |
| 7. | Reinforcing Fitter. | 1 | 0 | | 1200 | ४३,१५२ | | | | | | | |
| 8. | Stone Mason Assistant | 1 | 0 | | 1200 | ४३,१५२ | | | | | | | |
| 9. | Tile Layer | 1 | 0 | | 1200 | ४३,१५२ | | | | | | | |
| 10. | Tile Layer Assistant | 1 | 0 | | 1000 | ३५,९६० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ चैत ११ गते (25 March 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले तिर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**आयुष इन्टरनेशनल ओभरसिज सर्भिसेज प्रा. लि.**
श्रम इजाजत नं. ६८८/०६३/०६४
पो.ब.नं. १०३०४, का. म. न. पा.-०३, बाँसबारी, काठमाडौं
प्रधान कार्यालय फोन: ४३७९०९१, ४३७६५६६, फ्याक्स: ४३७९०४७, Email: -info@ayushintl.com
शाखा कार्यालय श्रृजनाचोक -०८ कास्की पोखरा फोनः- ०६१५८३०५२ / ९८०१२८०८२२
मोबाईल नं.:-९८०१२८०८०१ / ९८०१२८०८०२ / ९८०१२८०८०४ / ९८०१२८०८१५ / ९८०१२८०८२३ / ९८०१२८०८२५

## साइप्रसमा रोजगार

१. कम्पनी : PAVLINA POULLI PRIVATE AGENCY

पूर्व स्वीकृत मितिः २०७९/१२/०२ चलानी नं.: ६०१९८२७८ LT. No.:282680 शहरः Paphos

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker | 0 | 7 | स. काममा दक्ष | 320 | ४५,१५२ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |
| 2. | Labourer Agriculture Farm | 3 | 10 | | 465 | ६५,६११ | | | | | | | |

२. कम्पनी : PAVLINA POULLI PRIVATE AGENCY

पूर्व स्वीकृत मितिः २०७९/१२/०२ चलानी नं.:६०१९८२७९ LT. No.:282679 शहरः Paphos

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker | 0 | 7 | स. काममा दक्ष | 320 | ४५,१५२ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |
| 2. | Labourer Agriculture Farm | 3 | 10 | | 465 | ६५,६११ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ चैत ११ गते (25 March 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।


**अग्नि ओभरसिज प्रा. लि.**
श्रम ईजाजत नं.: ९५९/०६७/०६८
सामाखुसी-२६, टाउन प्लानिङ्ग, काठमाडौं, फोन नं. ०१-४९५०३८९, मो.: 9840411785

## मधेश प्रदेश सरकार
## भौतिक पूर्वाधार विकास मन्त्रालय
## शहरी विकास तथा भवन कार्यालय
सप्तरी, राजविराज

**प्रकाशित मितिः २०७९/१२/०४**

यस कार्यालयबाट सूचना नं. UDBO/Saptari/Works/NCB/01/079/80, मिति २०७९/०९/२१ को नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार E-Bidding मार्फत आह्वान गरिएको बोलपत्रमा बोलपत्रदाताहरुबाट प्राप्त बोलपत्र मूल्याङ्कन हुँदा तपशिल बमोजिमको बोलपत्रदाताहरु न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| ठेक्का नम्बर | योजनाको नाम | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक रु. (मु.अ.कर बाहेक) |
|---|---|---|---|
| UDBO/Saptari/Works /NCB/01/079/80 | यातायात व्यवस्था कार्यालय लहान अन्तर्गत ट्रायल सेन्टर निर्माण | M/s Tanishka Construction And Suppliers pvt.ltd., Kathmandu | १२,५२,२८४.३२ |

## साउदीमा रोजगार

कम्पनी : JAHAZ AYED AL RASHIDI & PARTNERFOR TARDING &CONTRACTING CO.
शहर :RIYADH

पूर्व स्वीकृत मितिः २०७९/०७/२३ चलानी नं.: ६०१९०८०३ LT. No.: 275225 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Mining worker | 1 | 0 | स. काममा दक्ष | 1200 | ४२,१३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ चैत ११ गते (25 March 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।


**Al Taaz International Pvt. Ltd.**
Gov. Lic. No. 1251/074/075
G.P.O Box No: 179, Basundhara, Kathmandu, Tel : 5905101, 5905102,
Mob.: 9801147203, 9801147204, 9801147206, 9801147207, 9801147208, 9823402131
Fax No: 4350995, E-mail: altaaznepal@gmail.com, Web.: www.altaazintl.com.np

## युएईमा रोजगार

कम्पनी : PROSCAPE LLC (UAE)
शहर : UAE

पूर्व स्वीकृत मितिः २०७९/१२/०३ चलानी नं.: ६०१९८३३३ LT. No.: 282881

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agriculture Worker | 75 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २८,७६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Farm Worker | 75 | 0 | | 800 | २८,७६८ | | | | | | | |
| 3. | Garden Worker | 50 | 0 | | 800 | २८,७६८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ चैत्र ११ गते (25 March 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु.१०,०००/- |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।


**मेमोरियल ओभरसिज सर्भिसेज प्रा. लि.**
श्रम इजाजत नं. १५६/०५६/०५७
गोंगबु-५, काठमाडौं, नेपाल, फोन: ४९५८७८६, ४९८५३७३

## UAE मा रोजगारको अवसर

कम्पनी: CLEANSE TECHNICAL SERVICE LLC
शहर: DUBAI

पूर्व स्वीकृत मितिः २०७९/१२/०३ चलानी नं.: ६०१९८३३४ L.T. No.: 282939

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 10 | 0 | स. काममा दक्ष | 900 | ३२,३६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ चैत ११ गते (25 March 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु.१०,०००/- |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।


**BRIGHT FUTURE HR SOLUTION PVT.LTD.**
श्रम इजाजत नं. १६०२/०७९/०८०
KMC-03, Basundhara, Kathmandu, Nepal.
नेपाल फोन नं.: ०१-५९१४६३२, फोन नं.: ९८०३७११६०५,९८१८०१२७०१
Email : cvsbrightfuturehrs@gmail.com

## मलेसियामा रोजगार

कम्पनी: OCENAVILLE IPOH SDN BHD
शहर: MALAYSIA

पूर्व स्वीकृत मितिः २०७९/१२/०३ चलानी नं.: ६०१९८३४६ LT. No.: 282731

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Crew | 6 | 0 | स. काममा दक्ष | 1500 | ४३,९९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ चैत ११ गते (25 March 2023) मा हुनेछ ।**


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।


**Maven Recruitment Services Pvt. Ltd.**
साविकको: Baby Star International Pvt. Ltd.
Gov. Lic No. 1081/073/074
Sinamangal-9 (Tara Hall Chowk), Kathmandu, Tel: 4592613, 4594173
Email: babystar149@gmail.com, Web.: www.babystar.com.np

